गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ | संख्या ५ | मिति २०७९/०३/२४

**भाग-१**

**गोलन्जोर गाउपालिका**

# गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन २०७९

# गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन २०७९

गाउँसभाबाट स्वीकृत मिति २०७९/०३/२४

गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः** गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि  सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय  भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोलन्जोर गाउँपालिकाको गाउँसभाले यो ऐन  बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन,  २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७९/२०८० को **निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र  कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको  रकम समेत गरी (नेपाल सरकार, बागमती प्रदेश, आन्तरिक आय र गत आ व को वचत गरी) जम्मा रकम रु २४३१७४९५०।- (अक्षेरुपी चौविस करोड एकतिस लाख चौहत्तर हजार नौ सय पचास मात्र ) मा नबढाई  निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष  २०७९/२०८० को निमित्त गोलन्जोर गाउँ गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति  र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत  हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग  हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा  रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा  एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च  र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा  बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ  बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको  जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५  प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी  शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

# अनुसुचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु हजारमा | पूजीगत खर्च | वित्तीय व्यवस्था | सशर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | | ७ |
| | | गाउँ कार्यपालिका<br><br>वडा कार्यालय र विषयगत शाखा | (च)चालुतर्फ विनियोजन रु **७९६७२५००** | (क)आर्थीकविकास तर्फः रु **४६५०००००**<br><br>(ख )पुर्वाधार विकास तर्फ रु<br><br>**८२५०००००**<br><br>(ग)सामाजिक विकास तर्फ रु<br><br>**रु ५३८३२४५०**<br><br>(घ)वातावरण तथा विपद् तर्फ रु<br><br>**६६०००००**<br><br>(ङ)संस्थागत विकास सुशासन तथा सेवा प्रवाह तर्फ<br><br>रु.१८९२००००/- | वित्तिय व्यवस्थापन तर्फ रु. **0** | **२२३१०००००** (संघीय सरकार तर्फ)<br><br>**२१५२५०००** (प्रदेश सरकार तर्फ) | रु २४६१७४९५०/- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ऋणको सावाँ व्याज भुक्तानी | | | | | |
| | | लगानी सेयर।ऋण | | | | | |

आज्ञाले
माधब कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत